चन्द्रागिरी नगरपालिका
चन्द्रागिरी नगरपालिका काठमाडौं
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
३ नं. प्रदेश, नेपाल

प.सं. ०७५/७६
च.नं. ४९२

फोन नं. ०१-४३१५७६६
मिति : २०७५।११।१५

श्री सबै वडा कार्यालय,
च.न.पा., काठमाडौं ।

विषय : सूचना प्रकाशित गरीएको सम्बन्धमा ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपंछी तथा मत्स्य विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लगनखेल, ललितपुर, (कार्य क्षेत्र काठमाडौं, ललितपुर, भक्तपुर) को च.नं. २६७, मिति २०७५।१०।२३ को पत्रानुसार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ३ नं. प्रदेश हेटौंडा मकवानपुरको मिति २०७५।१०।२२ गतेको गोर्खापत्रमा प्रकाशित प्रस्ताव आव्हान सम्बन्धी विभिन्न सूचनाहरु यसै पत्रसाथ संलग्न गरी पठाईएको ब्यहोरा अनुरोध छ ।

शाखा अधिकृत

बोधार्थ
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
लगनखेल, ललितपुर ।
श्री सञ्जिव ज्ञवाली
सूचना प्रविधि अधिकृत
च.न.पा. बलम्बु : सबै वडा कार्यालयहरुमा mail गरि दिनु हुन एवं नगरपालिकाको वेभ साइटमा राखि दिन हुन ।

लेटर/चनपा.lax.३०

फोन नं.: ०१-५५४२४४
०१-५५४७३७
Email: vhleclalitpur@gmail.com

प्रदेश सरकार
३ नं प्रदेश
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंछी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

लगनखेल, ललितपुर
(कार्य क्षेत्र- काठमाण्डौ, ललितपुर, भक्तपुर)

चलान नं. २६६
प.सं. ०६५/०६६

नेपाल सम्वत् ११३५

प्रदेश सरकार
३ नं. प्रदेश
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंछी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुर
(कार्यक्षेत्र: काठमाण्डौ, ललितपुर, भक्तपुर)
२०७५

मिति:२०७५/१०/२३

विषयः सूचना प्रकाशित गरीएको बारे।

श्री चन्द्रगिरी नगरपालिका
काठमाण्डौ

प्रस्तुत विषयमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ३ नं प्रदेश हेटौंडा मकावनपुरको मिति २०७५/१०/२२ गते को गोर्खापत्रमा प्रकाशित प्रस्ताव आवहान सम्वन्धी विभिन्न सूचनाहारु यस पत्र साथ पठाइएको व्यहोरा अनुरोध छ सूचना टाँस गरी जानकारी पठाउनु हुन अनुरोध छ।

२५/१०/२३

डा. नारायण [illegible] श्रेष्ठ
वरिष्ठ पशु विकास अधिकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. ३, हेटौँडा

प्रस्ताव आह्वानको सूचना

आन्तिम मिति २०८२/११/०६

प्रथमपटक प्रकाशित मिति : २०७५।१०।२२

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौँडाको आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तपसिलका कार्यक्रमहरू भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमार्फत सञ्चालन गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक साझेदार संस्थाले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५)औँ दिनभित्र कार्यालय समयमा आइपुग्ने गरी स्वीकृत कार्यविधिहरूमा तोकिएको सर्तनामाहरू पालना गर्ने गरी कार्यविधिहरूमा तोकिएको ढाँचाअनुसार निवेदन तथा आवश्यक कागजातसहितको प्रस्ताव भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटका लागि समावेश नहुने व्यहोरासमेत जानकारी गराइन्छ।

तपसिल:

सि. नं.	प्रस्ताव आह्वान गरिएका कार्यक्रमहरू	लक्ष्य	साझेदार संस्था	अधिकतम अनुदान रकम	स्वीकृत कार्यविधिको नाम	लागू गरिने जिल्ला
१.	दूध चिस्यान केन्द्रका लागि चिलिङ्ग भ्याट स्थापना	२५ वटा	दूध उत्पादक सहकारी संस्था	७० प्रतिशत वा बढीमा रु. ६ लाख प्रतिसाझेदार संस्था	दूध चिस्यान केन्द्रका लागि चिलिङ्ग भ्याट स्थापना कार्यविधि, २०७५	प्रदेश नं. ३ का सबै जिल्लाहरू
२.	साझेदारीमा आधारीत पशु बधस्थल स्थापना तथा सञ्चालन	१३ स्थान	निजी व्यवसायी, कृषक समूह वा समिति	बढीमा रू. ८ लाख ४० हजार प्रतिसाझेदार संस्था	साझेदारीमा आधारीत पशु बधस्थल स्थापना तथा सञ्चालन कार्यविधि, २०७५	प्रदेश नं. ३ का सबै जिल्लाहरू

नोट: १) आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरू सम्बन्धित कार्यविधिमा तोकिएअनुसार हुनेछ।

२) "कार्यक्रमहरूसँग सम्बन्धित कार्यविधिहरू, २०७५" यस मन्त्रालयको वेवसाइट http://molmac.p3.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

थप जानकारीको लागि:

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. ३, हेटौँडा, सम्पर्क फोन नं. ०५७-५२५६४२, फ्याक्स: ०५७-५२५९४७



प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. ३, हेटौँडा

प्रस्ताव आह्वानको सूचना

अन्तिम मिति: ०७५।११।०६ (२०७५।११।०६)

प्रथमपटक प्रकाशित मिति : २०७५।१०।२२

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३, हेटौँडाको आ.व. २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार तपसिलका कार्यक्रमहरू भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत सञ्चालन गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक साझेदार संस्थाले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) औँ दिनभित्र कार्यालय समयमा आइपुग्ने गरी स्वीकृत कार्यविधिहरूमा तोकिएको सर्तनामाहरू पालना गर्ने गरी कार्यविधिहरूमा तोकिएको ढाँचाअनुसार निवेदन तथा आवश्यक कागजात सहितको प्रस्ताव सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा दर्ता गर्नुहुन आह्वान गरिन्छ। सोधै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटका लागि समावेश नहुने व्यहोरासमेत जानकारी गराइन्छ।

तपसिल:

क्र. स.	प्रस्ताव आह्वान गरिएका कार्यक्रमहरू	साझेदार संस्था	अधिकतम अनुदान रकम	स्वीकृत कार्यविधिको नाम	लागू गरिने जिल्ला
१	गाई प्रवर्द्धन कार्यक्रम	कृषक समूह	बढीमा २५ लाख प्रति समुह (२ लाख ५० हजार प्रति सदस्य)	गाई प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५	मकवानपुर, चितवन, दोलखा, काठमाडौं र रसुवा
२	बाख्रा प्रवर्द्धन कार्यक्रम	कृषक समूह	बढीमा २१ लाख ५० हजार प्रतिसाझेदार संस्था	बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५	मकवानपुर, चितवन, काभ्रे, दोलखा, सिन्धुली, रामेछाप, धादिङ र नुवाकोट
३	पाडापालन कार्यक्रम	इच्छुक कृषक समूह, समिति वा सहकारी संस्था	बढीमा ११ लाख प्रतिसाझेदार संस्था	पाडापालन कार्यक्रम सञ्चालन कार्यविधि,२०७५	मकवानपुर, चितवन, ललितपुर धादिङ र काभ्रे
४	उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्र निर्माण तथा सञ्चालन	कृषक समिति	बढीमा रू ६ लाख ६५ हजार प्रति साझेदार संस्था	उच्च प्रजनन् मानको बोयर बाख्रा स्रोत केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि,२०७५	काठमाडौं, नुवाकोट, मकवानपुर, काभ्रे, धादिङ्ग र चितवन

नोटः १) आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरू सम्बन्धित कार्यविधिमा तोकिएअनुसार हुनेछ।

२) "कार्यक्रमहरूसँग सम्बन्धित कार्यविधिहरू, २०७५" यस मन्त्रालयको वेबसाइट http://molmac.p3.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

थप जानकारीको लागि:

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. ३, हेटौँडा

सम्पर्क फोन नं. ०५७-५२५६४२, फ्याक्स: ०५७-५२५९४७